आज मिति २०७५/१२/२१ गतेका शुक्रवारको दिन वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाका अध्यक्ष श्री फेन्चोक छेमेन गुरुङ ज्यूको अध्यक्षतामा निम्नलिखित गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा तपसिलको प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री फेन्चोक छेमेन गुरुङ | सभा अध्यक्ष | |
| २ | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री दिपक रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री विर वहादुर गुरुङ | सभा सदस्य | |
| ५ | श्री छिन नाम्ग्या गुरुङ | | |
| ६ | श्री नविन कुमार गुरुङ | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | | |
| ८ | श्री राप्के गुरुङ | | |
| ९ | श्री साङमो छिरिङ गुरुङ | | |
| १० | श्री फुल कुमारी विश्वकर्मा | | |
| ११ | श्री लक्ष्मी कुमारी गुरुङ | | |
| १२ | श्री देवि गुरुङ | | |
| १३ | श्री फुलमाया वि.क. | | |
| १४ | श्री छिरिङ आङ्ग्याल गुरुङ | | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री टंकराज वराल | | |
| १६ | श्री सुर्य प्रसाद तिमिल्सिना | | |
| १७ | श्री जनार्दन आचार्य | | |
| १८ | श्री यज्ञ गोतामे | | |
| १९ | श्री लिला कुमारी शर्मा | | |
| २० | श्री नारायण जैसी | | |
| २१ | श्री राजु गौतम | | |
| २२ | श्री छिरिङ घ्याल्पो गुरुङ | | |
| | श्री रोशनी नेपाली | | |

प्रस्तावहरु :

१ साना सिंचाई सम्बन्धमा ।

२. गोठ सुधार सम्बन्धमा

३. आन्तरिक लेखापरिक्षण सम्बन्धमा

४. प्राबिधिक जनशक्ति व्यबस्थापन सम्बन्धमा

५. वहुउद्देश्यिय सभाहल सम्वन्धमा ।

६. पार्क निर्माण सम्वन्धमा ।

७. उच्च उचाई खेलकूद ट्रेनिङ सेन्टरको लागि जग्गा सम्बन्धमा ।

निर्णयहरु :

१. संघीय सरकारबाट प्राप्त हुन आएको रकम वाट यस आर्थिक वर्षको लागि यस गाउँपालिकाको झारकोट स्थित रहेको तोरा लेक पोखरी निर्माण गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२. आर्थिक बर्ष २०७५/०७६ को पशुसेवा अन्तर्गत शमर्त कार्यक्रममा समाबेश भएको गोठ सुधार कार्यक्रमलाई संचालन गर्न सशर्त अनुदान स्वरुप प्राप्त रकम शाङता गाउँबासीको सामुहिक गोठ निर्माणमा सहयोग गर्न सोही स्थानमा कार्यक्रम लागु गर्न मनासिव देखिएकोले सोहि अनुसार गर्ने निर्णय गरियो ।

३. आन्तरिक लेखापरिक्षणको व्यवस्था नभएसम्म को.ले.नि.का.को समन्वयमा आन्तरिक लेखापरीक्षण गर्न अनुरोध गर्ने तथा को.ले.नि.काबाट हुन नसकेमा अन्य स्वतन्त्र परामर्शदाताबाट आन्तरिक लेखापरीक्षण गर्ने व्यबस्था गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

४. गाउँपालिकामा इन्जिनियर (प्राबिधिक छैठौं )दरबन्दी पूर्ति नभएसम्म घरपझोङ गाउँपालिका,पोखरा महानगरपालिकासंग प्राबिधिक सहयोग लिने ब्यबस्थाको लागि सम्वन्धित स्थानीय तहलाई अनुरोध गर्ने तथा बैतनिक स्वतन्त्र परामर्शदाताको सहयोगबाट प्राविधिक काममा सहयोग लिन गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो।

५. यस गाँउपालिकाको बित्तिय समानिकरण अनुदानबाट प्राप्त रकमबाट गाँउपालिकाको हिस्साको रकम व्यहोर्ने गरि प्रस्ताब स्वीकृत गर्ने र उक्त बहुउद्देश्यीय सभाहल निर्माणको लागि यस गाँउपालिकाको कागबेनी माथि रहेको सरकारी (फोलाथान्का)मा बनाउनको लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

६. यस गाँउपालिकाको कागबेनीमा रहेको श्राद्धस्थल नजिक कागखोला र कालीगण्डकीको संगम स्थलमा निर्माण गर्ने निर्णय गरियो ।

७. गण्डकी प्रदेश सरकारले यस गाँउपालिकाको वडा नं २ छैङगुर आधारभूत बिद्यालय नजिक अन्नपूर्ण पैदलमार्गले छुने स्थान 'फासा'मा उच्च उचाई खेलकूद ट्रेनिङ सेन्टर स्थापना तथा निर्माण गर्नका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने निर्णय गरियो ।